पूर्णाङ्क ९, त्रैमासिक
२०७२ साउन/कात्तिक

# प्राज्ञिक संसार

**Academia**
Music-Drama Bulletin

संगीत-नाट्य बुलेटिन

www.namuda.org.np



# चार स्रष्टालाई एक/एक लाखको राष्ट्रिय प्रज्ञा पुरस्कार

कुलपतिद्वारा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन उद्घाटन
भक्तपुरमा डवली यात्रा
आठौं प्राज्ञ सभा सम्पन्न
व्यवसायिक पथमा निजी नाटकघर



प्रधानमन्त्रीलाई संगीत नाट्यको प्रतीक चिह्न

## सम्पादकीय

# नयाँ युगको शुभकामना

मुलुकबासीले नयाँ संविधान पाएका छन् । संविधानसभामार्फत जनताका प्रतिनिधिले गत असोज ३ गते मुलुकबासीलाई नयाँ संविधान दिएका हुन् । २००७ सालदेखि नै नयाँ संविधान बनाउने नेपाली जनताको चाहना बल्ल यसपटक पूरा भएको छ । जनताबाट जनताकै लागि बनेको यो संविधानले २०६२/०६३ को आन्दोलनपछि मुलुकमा स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरेको छ । यो संविधानबाट नेपाली जनता मुलुकको वास्तविक मालिक भएका छन् । यो सम्पूर्ण नेपालीका लागि खुसीको खबर हो । नयाँ संविधानसँगै मुलुक नयाँ युगमा प्रवेश गरेको छ । यो नयाँ युगमा सबैलाई हामी हार्दिक शुभकाना व्यक्त गर्दछौं ।

नयाँ संविधानका विषयलाई लिएर केही असन्तुष्टि नआएका हैनन् । तर यसलाई विस्तारै परिमार्जित गर्दै लैजानुपर्छ । नयाँ संविधानमा नेपालको नाट्य, संगीतलाई पनि स्थान दिइएको छ । संविधान मुलुकको मूल कानुन भएकाले यसको आधारमा आगामी दिनमा ऐन, कानुन, नीति नियम आदि बन्दै जानेछन् । तसर्थ, नयाँ संविधानले मुलुकको संगीत नाट्यको विकास, विस्तार र संरक्षणको ढोका खोल्दै यसको संस्थागतका लागि मार्ग तय गरिदिएको छ । यो पनि हामी संगीत तथा नाट्यकर्मीका लागि खुसीको खबर हो ।

नयाँ संविधान निर्माणसँगै मुलुकले पहिलो पटक महिला राष्ट्रपति पाएको छ । नेपालकै इतिहासमा यसपटक सम्माननीय विद्यादेवी भण्डारी पहिलो महिला राष्ट्रपति हुनुभएको छ । उहाँलाई यस प्रतिष्ठानका तर्फबाट हार्दिक बधाईसहित हामी सम्माननीय राष्ट्रपतिज्यूको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

यस्तै, मुलुकको ३८औं प्रधानमन्त्रीको रूपमा केपी शर्मा ओली चयन हुनुभएको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक एवं मुलुकको प्रधानमन्त्रीको रूपमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाईसहित हामी उहाँको उत्तरोत्तर प्रगतिसँगै पूर्ण सफल कार्यकालको कामना गर्दछौं ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको रूपमा माननीय आनन्दप्रसाद पोखरेल नियुक्त हुनुभएको छ । यस प्रतिष्ठानको संरक्षकको रूपमा उहाँलाई पाउँदा हामी खुसी छौं । उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै हामी उहाँको उत्तरोत्तर प्रगति र पूर्ण कार्य सफलताको कामना गर्दछौं ।

प्रतिष्ठान अहिले पनि भाडाको घरमा बस्दै आएको छ । यस्तो अवस्थामा नेपाल सरकारको मन्त्रिपरिषद्बाट यस प्रतिष्ठानका लागि भवन निर्माण गर्न १५ रोपनी जग्गा उपलब्ध गराउने निर्णय भएको छ । सो निर्णयको यस प्रतिष्ठान सहृदय स्वागत गर्दछ । जग्गा प्राप्तिपछि सो जग्गामा भवन निर्माण गर्ने दायित्व थपिएको छ । तसर्थ यस प्रतिष्ठानको भवन निर्माणका लागि आवश्यक बजेट नेपाल सरकारले आगामी बजेटमा छुट्याउने छ भन्ने विश्वास हामीले लिएका छौं ।

अन्तमा, २०७२ सालको विजया दशमी, शुभ दीपावली, छठ तथा नेपाल संवत् ११३६ को अवसरमा स्वदेश एवं विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनमा यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान परिवार हर्दिक शुभकामना व्यक्त गर्दछ ।

## विषय-सूची


| | |
|---|---|
| प्रधानमन्त्रीलाई संगीत नाट्यको प्रतीक चिह्न | ३ |
| चार स्रष्टालाई एक/एक लाखको राष्ट्रिय प्रज्ञा पुरस्कार | ५ |
| नृत्य ज्ञानका लागि उपयुक्त ग्रन्थ | ९ |
| गाईजात्राको अवसरमा श्रद्धाञ्जली सभा | १० |
| आठौं प्राज्ञ सभा सम्पन्न | १२ |
| कुलपतिद्वारा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन उद्घाटन | १४ |
| ११ औं नासिया/आन्मा ज्वाइन कन्भेन्सनमा उपकुलपति बासकोटा | १६ |
| ठिमीको डबलीमा पोखिए भक्तपुरको पौराणिक कला | १८ |
| व्यवसायिक पथमा निजी नाटकघर | २१ |




# प्रधानमन्त्रीलाई संगीत नाट्यको प्रतीक चिह्न



काठमाडौ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रमुख संरक्षक प्रधानमन्त्री केपी शर्मा ओलीलाई यस प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' ले प्रतीक चिह्न लगाइदिनुभएको छ । प्रमुख संरक्षक ओलीलाई १७ कात्तिकका दिन प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित कार्यक्रममा कुलपति सरूभक्तले प्रतीक चिह्न लगाइदिनुभएको हो । सो अवसरमा प्रतिष्ठानका प्राज्ञ परिषद् टोली र कर्मचारी सहभागी थिए ।

प्रमुख संरक्षकको रूपमा प्रतिष्ठानको प्रतीक चिह्न ग्रहण गर्दै प्रधानमन्त्री ओलीले नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई राष्ट्रको संगीत तथा नाट्य विधाको विकासका लागि आफू र नेपाल सरकारको सहयोग रहिरहने बताउनुभयो । उहाँले राष्ट्रिय एकता, सामाजिक सद्भाव र देशको विकासका लागि नाट्य संगीत क्षेत्रको महत्वपूर्ण योगदान रहने भएकाले यस क्षेत्रको विकासका लागि आफू प्रतिबद्ध रहेको बताउनुभयो ।

नाट्यश्वर शिव नै भएकाले नाट्य र नृत्यको विकास परापूर्वकालमा शिवको डमरूबाट सुरू भएको धारणा राख्दै प्रधानमन्त्री ओलीले मुलुकवासीलाई एकतामा जोड्न संगीत, नाटक, कला साहित्यको उल्लेख्य भूमिका हुने बताउनुभयो । मुलुकमा अहिले देखिएको विविध समस्या चाँडै समाधान उहाँले जानकारी गराउनुभयो । प्रतिष्ठानका

पदाधिकारीलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सबैले आ(आफ्नो क्षेत्रबाट राष्ट्रको विकास र हितका निम्ति लागिरहन आवश्यक रहेको बताउनुभयो ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको ३८औं प्रधानमन्त्रीमा निर्वाचित भएकोमा ओलीलाई कुलपतिसहित उपकुलपति शम्भुजीत बासकोटा, सदस्य सचिव गणेश रसिक, परिषद् सदस्यहरू उदय श्रेष्ठ, उन्नति बोहरा 'शीला', पुगकरबहादुर गुरूङ, रमेशरञ्जन झा, माधव प्रधान र प्रतिष्ठानका विभिन्न कर्मचारीहरूले बधाई ज्ञापन गर्नुभएको थियो । उहाँहरूले प्रधानमन्त्रीको पूर्ण कार्यकालको सफलताका कामनासमेत गर्नुभयो ।

सो अवसरमा कुलपति सरूभक्तले राष्ट्रले नयाँ संविधान प्राप्त गरिसकेकाले मुलुकमा संगीत नाट्यको अझ विकास हुने बताउनुभयो । अब नयाँ सँविधानबमोजिम बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक नेपालको संगीत तथा नाट्य विधाको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र सर्वांगीण



विकासका लागि आफूहरूले आवश्यक कार्य गर्दै आएको पनि उहाँले जानकारी गराउनुभयो । सो क्रममा नेपालको संविधान, राज्यको नीति, नियमअनुसार प्रतिष्ठानले आगामी दिनमा पनि कार्य गरिरहने प्रतिबद्धता प्रधानमन्त्री ओलीसँग कुलपति सरूभक्तले जनाउनुभयो ।

प्रतिष्ठानका उपकुलपति बासकोटाले प्रधानमन्त्री ओलीलाई नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले अहिलेसम्म गरेका कार्यबारे जानकारी गराउनुभयो । भूकम्पपछि प्रतिष्ठानका तर्फबाट मुलुकका भूकम्प प्रभावित एक सय स्थानमा प्रतिष्ठानले सांस्कृति अभियान सञ्चालन गरेको उहाँले बताउनुभयो । सदैव नेपालको संगीत तथा नाट्य विधाको विकाससहित सामाजिक सदभाव राष्ट्रिय एकतालाई मजबुत बनाउन आफूहरूले आवश्यक कार्य गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो ।



# चार स्रष्टालाई एक/एक लाखको राष्ट्रिय प्रज्ञा पुरस्कार



काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा नेपाली संगीत तथा नाट्य क्षेत्रमा आजीवन योगदान पुऱ्याउनु भएका चार स्रष्टालाई 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार( २०७१' बाट सम्मानित गरिएको छ ।

तत्कालीन राष्ट्रपति डा.रामवरण यादवको हातबाट गत ३ असोजमा राष्ट्रपति कार्यालय शीतल निवासमा संगीत, नृत्य, नाटक र वाद्यवादन क्षेत्रका चार स्रष्टालाई प्रतिष्ठानका तर्फबाट पुरस्कार प्रदान गरिएको हो । डा.यादवले उहाँहरूलाई दोसल्ला ओढाएर जनही एक/एक लाख एक रूपैयाँ नगद र ताम्रपत्रसहितको पुरस्कार प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा संगीततर्फको 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार( २०७१' अग्रज संगीतकार चन्द्रराज शर्मालाई प्रदान गरियो । उहाँलाई दोसल्ला ओढाएर तामपत्र र एक लाख एक रूपैयाँसहितको पुरस्कारबाट सम्मानित गरियो । शर्माले नेपाली संगीत क्षेत्रमा पुऱ्याउनुभएको योगदानबारे कार्यक्रममा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उन्नति बोहरा ' शिला'ले जानकारी गराउनुभएको थियो ।

प्राज्ञ 'शिला' का अनुसार १९९६ जेठमा काठमाडौंको ज्ञानेश्वरमा जन्मनुभएका शर्माले बुबा संगीत शिरोमणि स्व.पण्डित यज्ञराज शर्माबाट सांगीतिक ज्ञान हासिल गरेर प्रयाग संगीत समिति इलाहावाद भारतबाट संगीत प्रभारको डिग्री लिनुभयो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा २०२९ देखि २०५७ सालसम्म संगीत विभागको निर्देशकको रूपमा रहनुभएक शर्माले कुमारी, जीवनज्योति, भानुभक्त, श्री स्वस्थानी जस्ता चलचित्र र लक्ष्मीप्रसाद देबकोटासहित कैयौं वृत्तचित्रमा संगीत निर्देशन गरिसक्नुभएको छ । महाकवि देवकोटाको मुनामदन, राष्ट्रकवि माधवप्रसाद घिमिरेको शाकुन्तलसहित दुई दर्जनभन्दा बढी नाटकमा संगीत गरिसक्नुभएको शर्माले एक सय २५ भन्दा बढी फुटकर गीतमा संगीतसमेत गर्नुभएको छ । संगीतका वरिष्ठ व्यक्तित्व चन्द्रराज शर्मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा २०५१ सालबाट पाँच वर्ष प्राज्ञ सभा सदस्य पनि हुनुभएको थियो । यसरी संगीत क्षेत्रमा निरन्तर योगदान दिएकै कारण उहाँलाई सो पुरस्कारबाट सम्मान गरिएको जानकारी गराइयो ।

यस्तै, एक लाख रूपैयाँ राशिको नृत्यतर्फको नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार(२०७१' नृत्य निर्देशक भैरवबहादुर थापा आत्रेयलाई प्रदान गरियो । लोक नृत्यबाट नेपालका संस्कृतिलाई देश विदेशमा चिनाउँदैआएको भैरव नृत्य दलको अध्यक्ष रहेर यो क्षेत्रमा उहाँले निरन्तर योगदान दिएको भन्दै थापालाई सो पुरस्कार प्रदान गरिएको हो । कार्यक्रममा स्रष्टा थापाबारे प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले जानकारी गराउनुभएको थियो ।

प्रधानका अनुसार ६ फागुन १९८९ सालमा काठमाडौंको कमलपोखरीमा जन्मनुभएका थापाले २००७ सालपछिदुई वर्ष सिंगापुर र मलाय आर्मीमा सैनिक सेवा गर्नुभएको थियो । उहाँले २०१८

सालबाट नृत्य निर्देशककारूपमा राष्ट्रिय नाचघरबाट सेवा सुरू गर्नुभएको हो । २०१२ सालदेखि नै एकता, बाँच्नको निम्ति, विधा, प्रतिध्वनि, अँध्यारो, भुइँचालो जस्ता नेपाली ब्याले निर्देशन गरिसक्नुभएका थापाले नाचघरमा २०२९ सालमा मयुर नृत्य, याक नृत्य, झाँक्री नृत्य, पद्मसम्भव नृत्य सिर्जना गर्नुभएको हो । २०१९ सालपछि तत्कालीन नेपाल प्रहरीको अफिसर र नेपाली सेनाका अफिसरलाई नृत्य तालिम सुरू गराउनुभएका थापाले चलचित्र मनको बाँध, पच्चीस बसन्त जस्ता चलचित्रमा नृत्य निर्देशन गर्नुभयो । साथै आफ्नो नाममा स्थापित भैरव नृत्य दलमार्फत जमर्नी, युगोस्लाभिया, बेल्जियम, स्वीजरल्यान्ड, सोभियत संघसहित दर्जनौं मुलुकमा नेपालको तर्फबाट नेपाली लोकनृत्य प्रस्तुत गरिसक्नुभएको छ । यस्ता थुप्रै योगदानका कारण उहाँलाई सो पुरस्कार प्रदान गरिएको प्राज्ञ प्रधानले जानकारी गराउनुभयो ।

नाट्यतर्फको 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार( २०७१' बाट गायक, चरित्र अभिनेता एवं नाट्यकर्मी हरिप्रसाद रिमाललाई सम्मान गरियो । उहाँलाई पनि दोसल्ला ओढाएर एक लाख रूपैयाँ र ताम्रापत्रसहित पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा पुरस्कृत स्रष्टा रिमालबारे प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले जानकारी गराउनुभएको थियो । गुरूङका अनुसार ५ असोज १९८२ सालमा काठमाडौंको लगनटोलमा जन्मनुभएका रिमालले बालकृष्ण समको निर्देशनमा मञ्चित नाटकबाट १९९४ सालदेखि नै कलायात्रा थाल्नुभएको हो । रेडियो नेपालका प्रथम गायक रिमालले रेडियो नेपालमा रेडियो नाटक निर्देशक तथा गायक भई २००७ देखि २०५१सालसम्म सेवा गर्नुभयो । विभिन्न नेपाली चलचित्रमा अभिनय गर्नुभएका रिमाल शाही नेपाल चलचित्र संस्थानमा २०४७ देखि २०४९ सालसम्म सञ्चालक समिति सदस्य पनि हुनुभयो ।

सयौं नाटक निर्देशन




# नेपाल संगीत तथा

**परिचय :**

लोकतन्त्रको स्थापनासँगै हाम्रा कतिपय पुरस्कारसम्बन्धी पुराना मान्यता विस्थापित भएको अवस्थामा नयाँ पुरस्कारको स्थापना गर्नु जरूरी छ । राष्ट्रिय पहिचानलाई जागरूक गराउने सांस्कृतिक क्षेत्रलाई अविलम्ब दिशानिर्देशन गर्नुपर्ने समय आएको छ । यसै सन्दर्भलाई ध्यानमा राखी गीत, संगीत, नृत्य, वाद्यवादन र नाट्य क्षेत्रका साधकहरूलाई निरन्तर सम्मानित र पुरस्कृत गर्ने ध्येयले नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारको स्थापना भएको हो ।

बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक मुलुक नेपालको संगीत तथा नाट्य विधाको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र सर्वांगीण विकास गर्न स्थापना गरिएको नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा संगीत तथा नाट्य क्षेत्रका साधकहरूलाई सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने उद्देश्यले नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को परिपूर्तिका लागि यस नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार स्थापना गरिएको हो ।

**उद्देश्य**

पुरस्कारका माध्यमबाट राष्ट्रको कलात्मक मर्यादालाई गरिमामय बनाउने ।

साधकहरूको सम्मानमार्फत राष्ट्रिय सांस्कृतिक चेतलाई उच्चता प्रदान गर्ने ।

साधकहरूको साधनारत जीवनशैलीमा सकारात्मक उत्साह थप्दै उनीहरूलाई राष्ट्रको गौरवसित जोड्ने ।

सांस्कृतिक राष्ट्रियताको घेरालाई फराकिलो र मजबुत बनाउने ।

**पुरस्कारका विषयगत क्षेत्रहरू**

नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारसँग सम्बन्धित विषयगत क्षेत्रहरू निम्नबमोजिम छन् :

क) संगीत : यस विषयक्षेत्रअन्तर्गत संगीत निर्देशन, गायन, वाद्यवादन, गीत रचना, अनुसन्धान, संगीत संयोजनका साथै संगीत सम्बर्द्धनसम्बन्धी कार्यहरू पर्दछन् ।

ख) नाट्य : यस विषय क्षेत्रअन्तर्गत अभिनय, निर्देशन, नाटक लेखन, अनुसन्धान तथा रंगमञ्चसँग सम्बन्धित विभिन्न कार्यहरू पर्दछन् ।

ग) नृत्य : यस विषय क्षेत्रअन्तर्गत नृत्य तथा नृत्य निर्देशनका साथै नृत्य अनुसन्धान जस्ता कार्यहरू पर्दछन् ।

घ) लोकसंगीत(नाट्य : यस विषय क्षेत्रअन्तर्गत




गरिसक्नुभएका रिमाल २०३४ देखि २०५१ सालसम्म सांस्कृतिक संस्थानको नाटक निर्देशक पनि हुनुभयो । २०५१ देखि २०६१ सम्म दुईपटक तत्कालीन शाही नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्यसमेत हुनुभएका रिमाललाई यस्ता विविध योगदानका कारण यो प्रदान गरिएको प्राज्ञ गुरूङले कार्यक्रममा जानकारी गराउनुभयो ।

वाद्यवादनतर्फको नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार( २०७१' अग्रज वाद्यवादक न्हुछेबहादुर डंगोललाई प्रदान गरियो । उहाँलाई पनि दोसल्ला ओढाएर एक लाख रूपैयाँ नगद र ताम्रपत्रसहित पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा उहाँबारे प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले जानकारी गराउनुभएको थियो । उहाँकाअनुसार १६ असार

# नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार

लोक संगीत, लोक नाट्य र लोक नृत्यका प्रस्तुतकर्ता, अनुसन्धानकर्ता तथा निर्देशकहरूका तत्सम्बन्धी कार्यहरू पर्दछन् ।

उपर्युक्त विषय क्षेत्रहरूमा विशिष्ट योगदान पुर्‍याउनु हुने व्यक्तिका साथै क्रमशः संगीत, नाट्य, नृत्य तथा लोक संगीत(नाट्यको समग्र उत्थानमा टेवा पुर्‍याउने व्यक्ति तथा संस्थाहरू पनि उल्लेखित पुरस्कारहरूबाट विभूषित हुन सक्नेछन् ।

## पुरस्कारका निम्ति व्यक्तित्व तथा संस्था चयन आधार तथा विधि

नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार प्रदान गर्न सर्जक वा संस्थाको नाम सिफारिस गर्न प्रत्येक वर्ष चारवटै विधाका लागि बेग्लाबेग्लै पुरस्कार चयन समिति गठन गरि नेछ । साथै, एउटा पुरस्कार संयोजन समिति गठन गरिनेछ ।

## चयन समिति

संयोजक ( विधागत विभागीय प्रमुख ( १ जना

प्रत्येकमा पुरस्कृत गरिने विषयगत क्षेत्रगत विज्ञताको प्रतिनिधित्व हुने गरी प्राज्ञ परिषद्ले छनोट गर्ने सदस्य ( ३ जना

## संयोजन समिति

संयोजक ( उपकुलपति

प्राज्ञ परिषद्बाट विषयगत विज्ञता भएका तीनजना सदस्यको छनोट गर्ने

सदस्य सचिव ( सदस्य सचिव

चयन समितिहरूले प्रत्येक पुरस्कारका लागि फरक फरक क्षेत्र, समुदाय, लिंग आदिसमेतलाई दृष्टिगत गरीतीन/तीनजना व्यक्ति/संस्थाको प्राज्ञ परिषद्मा सिफारिस गर्नेछ । ती सिफारिसका आधारमा संयोजन समितिले चारवटा पुरस्कारमा देशको क्षेत्रीय, सामुदायिक, लैंगिक तथा वैचारिक धरातलहरूका बीचसमेत तादात्म्य स्थापित गरेर पुरस्कृत हुनेहरूको नामलाई प्राज्ञ परिषद्समक्ष सिफारिस गर्नेछ ।

## आधारहरू

पुरस्कारका प्रत्येक विषय क्षेत्रसँग सम्बद्ध व्यक्तित्व, वरिष्ठ, ख्यातिप्राप्त, आ(आफ्नो क्षेत्रमा विशिष्ट, सिर्जनात्मक तथा प्राज्ञिक योगदान गरेको र आफ्नो विषय क्षेत्रमा दिएको योगदानद्वारा सम्बद्ध विधागत क्षेत्रमा प्रतिष्ठा आर्जन गरेको हुनुपर्नेछ । संस्थाका सन्दर्भमा पनि यसै प्रकृतिको विशिष्टतालाई आधार मानिनेछ ।

पुरस्कार प्राप्त गर्न योग्य व्यक्तित्व वा संस्थाको नाम चयन गर्ने सिलसिलामा व्यक्ति वा संस्था पुरस्का प्राप्त गर्नयोग्य व्यक्ति वा संस्थाको विस्तृत विवरणसहित सिफारिस आह्वान गर्दै सार्वजनिक सूचना जारी गरिनेछ । व्यक्ति वा संस्था स्वयंले पनि पुरस्कारका निम्ति आफ्नो विवरणसहित आवेदन दिन सक्नेछन् । साथै, चयन समितिले आफ्नो जानकारीका आधारमा पनि व्यक्ति वा संस्थालाई चयन गर्न सक्नेछ ।

## पुरस्कार राशि

चारवटा विषयगत क्षेत्रमा प्रदान गरिने प्रत्येक पुरस्कारको राशि रू. १,००,००१( (अक्षरेपी एक लाख एक रूपैयाँमात्र) रहेको छ । पुरस्कृत व्यक्तित्व वा संस्थालाई पुरस्कार रकमका साथै सम्मानपत्र र प्रतीक चिह्नसमेत प्रदान गरिनेछ । प्रत्येक नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारको राशि रू. १०,००,०००( (अक्षरेपी दस लाख रूपैयाँ मात्र) पुर्‍याइने लक्ष्य रहेको छ ।

प्रत्येक वर्ष प्रदान गरिने नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारको घोषणा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको वार्षिकोत्सवको अवसर पारी गरिनेछ । पुरस्कार समर्पण गर्ने कार्य सोही आर्थिक वर्षभित्र उपयुक्त समयमा सम्पन्न गरिनेछ ।

२००५ सालमा सामाखुसी, काठमाडौंमा जन्मनुभएका डंगोल मादल, धिमे, ढोलक, तबला, पश्चिमा ढोलक, हार्मोनियम, ज्याज ड्रम, बोङ्गो, कोङ्गो, तबाबु, भुस्या जस्ता थुप्रै बाजा कौशलतापूर्वक बजाउनुहुन्छ । संगीतमा इलाहावादबाट डिप्लोमा गर्नुभएका डंगोलले २०३० सालमा नेवारी सांगीतिक कार्यक्रममा एकसाथ १० ओटा मादल बजाउनुभएको थियो भने २०३५ सालमा एकसाथ २२ मादल तथाजापानमा एकल वाद्यवादन प्रस्तुतिको क्रममा ३३ ओटा बाजा बजाउनुभएको थियो । नेपाली, नेवारीसहित विभिन्न भाषाको पाँच सय गीतमा संगीत दिइसक्नुभएका डंगोलले त्रिभुवन विश्वविद्यालयमा सहप्राध्यापकको रूपमा सेवासमेत गरिसक्नुभएको छ ।

एसिया र युरोपका डेढ दर्जन मुलुकमा नेपालको नेतृत्व गर्दै लोकसंगीत तथा वाद्यवादन प्रस्तुति गरिसक्नुभएका उहाँको यस्ता विविध योगदानका कारण सो पुरस्कार प्रदान गरिएको प्राज्ञ घर्तीमगरले बताउनुभयो ।

पुरस्कार प्रदानपछि सम्बोधनका क्रममा राष्ट्रपति डा.यादवले पुरस्कृत सबै अग्रज स्रष्टालाई बधाई दिँदै कला, साहित्य, संगीत नाट्य जस्ता सांस्कृतिक क्षेत्रमा आजीवन योगदान पुऱ्याएका स्रष्टालाई पुरस्कृत गरेर प्रतिष्ठानलेराम्रो कामको सुरूवात गरेको भन्दै सराहना गर्नुभयो । उहाँले नेपालको पहिचान यहाँको मौलिक कला र संस्कृति भएको बताउनुभयो । हाम्रो आफ्नो धर्म, चाडपर्व, कला, संस्कृति, साहित्य, संगीत, नृत्य जस्ता विविध मौलिक पहिचानलाई संरक्षण गर्दै समयअनुसार अघि बढ्नु हाम्रो दायित्व भएको भनाइ उहाँले राख्नुभयो ।


आयोजक संस्था नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' ले मुलुकमा गणतन्त्रबहालीपछि स्थापना भएको प्रतिष्ठानले नेपाली संगीत र नाट्य विकासमा टेवा पुऱ्याएको स्मरण गराउनुभयो । प्रतिष्ठानलाई भवनको आवश्यक भएको औंल्याउँदै उहाँले प्रतिष्ठानका तर्फबाट भूकम्पबाट त्रसित आमनेपालीलाई एक सय ठाउँमा गरिएको सांस्कृतिक अभियान तथा संगीत नाट्यथेरापी गरिएको बताउनुभयो ।







कार्यक्रममा स्वागत मन्तव्य राख्दै प्रतिष्ठानका उपकुलपति शम्भुजित बासकोटाले यो पुरस्कारले अग्रजस्रष्टाहरूमा हौसला थपेको बताउनुभयो । उहाँले हरेक वर्ष अग्रज स्रष्टालाई यो पुरस्कार प्रदान गरिने जानकारी गराउनुभयो । यो पुरस्कारका लागि कोष स्थापना गरिने पनि उहाँको भनाइ थियो । प्रतिष्ठानका सदस्य सचिवगणेश रसिकले समारोहमा पुरस्कारबारे जानकारी गराउनुभएको थियो ।




## नृत्य ज्ञानका लागि उपयुक्त ग्रन्थ

# हिमानी नाट्य मीमांसा

काठमाडौं । भैरवबहादुर थापा आत्रेय नेपाली नृत्य एवं नाच क्षेत्रमा लोकप्रिय नाम हो । आफ्नै नामबाट भैरव नृत्य दल खोलेर नेपाली नाच एवं नृत्यको विकासमा लाग्नुभएकावरिष्ठ नृत्य विशेषज्ञ थापाले नृत्यसम्बन्धी पुस्तक 'हिमानी नाट्य मीमांसा' पाठकसमक्ष ल्याउनुभएको छ ।

यसअघि थापाको नेपाली नृत्य र शारीरिक प्रवेशिका (२०२२), ढोक कविता संग्रह (२०३०), हिंड्दाहिंड्दै बनेका तस्बिरहरू (२०६५), समर्पण (२०६७) प्रकाशित भइसकेका छन् । विगतका पुस्तक जस्तै हिमानी नाट्य मीमांसा त्यत्तिकै अनुसन्धानमूलक र खोजप्रधान रहेको छ । पुस्तकमा ज्ञानगोचर खण्ड र प्रयोगात्मक खण्ड गरी दुई खण्ड रहेको छ । नृत्य विज्ञ थापाले यो पुस्तकमार्फत विभिन्न नृत्य सिक्ने सैद्धान्तिक र व्यावहारिक गरी दुवै ज्ञान दिनुभएको छन् ।

पुस्तकको पहिलो खण्डलाई उँहाले तीन भागमा विभाजन गर्नुभएको छ । जसमध्ये पहिलो भागमा नेपाल सम्भाव्यताबारे प्रकाश पारेका छन् । यस्तै नृत्यका प्राचीन मुद्रा, राश नृत्य, मुकुण्डोधारी नृत्यको सचित्र चर्चा गरेका छन् । यस्तै, संगीत एवं सभ्याता, बाजाका प्रारूपहरू, नेपाली नाट्यशास्त्रको मूल स्रोत, सांकेतिक भाषा र नृत्यको विकासक्रम, नेपालीसभ्यता पनि पहिलो भागमा थापाले समेट्नुभएको छ । यसैगरी, दोस्रो भागमा घन्टा, घंगला र घुँगुरू, पैजनबारे चर्चा गरिएको छ । यो खण्डमा  नृत्यको उत्पत्ति र विकास, नृत्यको परिचय र महत्व, नृत्य र चित्रकला, नृत्यका प्रकार, नेपाली लोकमुद्राको परिचय समेटिएको छ ।

तेस्रो भागमा भेसभुषा र शृंगार, रंगमञ्च र प्रकाश व्यवस्था, नाट्यक्रम, भावहरू, दिशाको परिचय, सञ्चारी भाव जस्ता विविध पक्ष समेटिएको छ । पुस्तकको प्रयोगात्मक खण्डमा सात भाग छ । नृत्य सिक्न चाहनेहरूका लागि सबै भाग महत्वपूर्ण छन् । किनकि मुद्राबाट नृत्य सिक्ने सजिलो होस् भनेर थापाले पुस्तकमा हरेक नृत्यको मुद्रा चित्र, त्यसको भावभंगीको चित्र प्रस्तुत गर्नुभएको छ ।

दोस्रो खण्डको पहिलो भागमा लय र तालको परिचय, पाउको परिचय र पाउ टेकाइका प्रकारहरू, दोस्रो भागमा आंगिक चालका प्रकार, हथुँगो, मुट्ठी, मुड्कीका प्रकारहरू समेटिएको छ । यस्तै, तेस्रो भागमा औंला ज्ञान, औलाहरूका परिचय एवं विशेषता, चौथो भागमा हातका चालहरू, कुइना, पाँचौं भागमा कुम, छाती, पेट, ढाड, कम्मर नितम्बलाई नृत्यमा कसरी चलाउने भन्ने पुस्तकमा उल्लेख गरिएको छ  । छैटौं भागमा आँखा, आँखी भौं परेला, नाक, ओठ, जिब्रो, दाँत, गाला, चिउँडो, घाँटी, शिर र कपालको अवस्था एवं नृत्यमा यसको परिचालनबारे चर्चा गरिएको छ । पुस्तको दोस्रो खण्डको सातै भागमा आसन र नवरसबारे उल्लेख गरिएको छ ।

पुस्तकलाई नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको हो । २५४ पृष्ठको यो पुस्तकको मूल्य ३ सय २५ रूपैयाँ राखिएको छ । नृत्यमा रूचि राख्ने र नेपालका विभिन्न शास्त्रीय, लोक तथा विविध नृत्य सिक्न चाहनेलाई पुस्तकले मद्दत पुऱ्याउने छ ।






# गाईजात्राको अवसरमा श्रद्धाञ्जली सभा

**नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले दिवंगत,संगीतकर्मी, कलाकार, चित्रकार, साहित्यकारसहित सम्पूर्ण स्वदेशी तथा विदेशी नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो ।**

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले भदौमा गाईजात्रा कार्यक्रम आयोजना गऱ्यो । गत १२, १३ र २९ वैशाखमा गएको विनाशकारी भूकम्पमा दिवंगत हुनुभएका ज्ञात अज्ञात कला साधक, स्रष्ट्रा, सर्जक, कलाकार, साहित्यकार एवं स्वदेशी तथा विदेशी नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्न प्रतिष्ठानले १३ भदौमा सो कार्यक्रम आयोजना गरेको हो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा आयोजित सो कार्यक्रममा गाईजात्रा यात्रा निकालिएको थियो । यात्रामा नेपालका ख्यातिप्राप्त वरिष्ठ हास्य कलाकार, साहित्यकार, कलाकार, रंगकर्मी र संगीतकर्मीहरू सहभागी थिए । यात्रा हनुमानढोका बसन्तपुरबाट सुरु भएको थियो । नयाँसडक, रत्नपार्क, घन्टाघर हुँदै सो यात्रा कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीसम्म विसर्जन भएको थियो । यात्रामा सहभागी कलकारहरू विभिन्न भेषभुषामा सुसज्जित थिए । गाईजात्राको अवसरमा लगाइने भेषभुषामा सजिएका कलाकारहरू दर्शकका लागि आकर्षक बनेका थिए ।

डबलीमा सहभागी कलाकारहरूले यस वर्ष भूकम्पमा दिवंगत भएका कलाकारसहित सम्पूर्ण स्वदेशी तथा विदेशी नागरिकप्रति श्रद्धाञ्जलीस्वरूप एक मिनेट मौन धारण गरेका थिए ।

कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले भूकम्पमा ज्यान गुमाएकाप्रति श्रद्धासुमन प्रकट गर्दै भूकम्पले निम्त्याएको समस्याबारे प्रकाश पारेका थिए । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानकी कुलपति रागिनी उपाध्यायले भूकम्पले ललितकला प्रज्ञा प्रतिष्ठानको भवन तहस नहस पारेको जानकारी गराउँदै भूकम्पमा थुप्रै ललित कलाकर्मीले ज्यान गुमाएको बताउनुभयो । दिवंगत सबैप्रति उनले श्रद्धाञ्जली व्यक्त गर्नुभयो ।

यस्तै, वरिष्ठ गीतकार श्रीपुरूष ढकाल, वरिष्ठ संगीतकार सीके रसाइली, वरिष्ठ हास्य कलाकार किरण केसीले पनि दिवंगत आत्माको चिरशान्तिको कामनासहित शोक मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले दिवंगत,संगीतकर्मी, कलाकार, चित्रकार, साहित्यकारसहित सम्पूर्ण स्वदेशी तथा विदेशी नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो । उहाँले प्रतिष्ठानका तर्फबाट मुलुकका एक सय स्थानमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान' सञ्चालन गरेको जानकारी गराउनुभयो । भूकम्पबाट प्रभावित मुलुकका एक सयस्थानका लाखौं नेपालीलाई भूकम्पको त्रासबाट मुक्त गर्न अभियान सफल भएको उहाँले भनाइ थियो ।



कार्यक्रम सञ्चालन गर्नु हुँदै प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले भूकम्प प्रभावित एवं पीडितहरूलाई संगीत तथा नाट्य विधाका माध्यमद्वारा मानसिक तनाव कम गराउँदै लैजाने, आगामी दिनमा क्षति न्यूनीकरण र आमरूपमा जनचेतना जगाउन चेतनामूलक कार्यक्रम र मनोपरामर्शसहितकोभूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियानलाई निरन्तरता दिने बताउनुभयो ।

कलाकार रमेश अधिकारीले गाईजात्रे कविता सुनाएर मनोरञ्जन प्रदान गर्नुभयो । उहाँले कार्यक्रममा प्रस्तुत गर्नुभएको हास्यव्यंग्य कविता निकै सशक्त थियो । गाईजात्रा कार्यक्रममा प्रतिष्ठानका तर्फबाट सदस्य सचिव गणेश रसिक, प्राज्ञ परिषद् सदस्यहरू रमेशरञ्जन झा, पवित्रा घर्तीमगर, उन्नती बोहरा 'शीला', पुष्करबहादुर गुरूङ सहभागी हुनुहुन्थ्यो ।

यस्तै, ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य नारदमणी हार्तुमछाली, हास्यव्यंग्य कलाकारहरू शिवहरि पौडेल, केदार घिमिरे, दिपकराज गिरी, दिपाश्री निरौला, मनोज आचार्य, हिमा कोइराला, वरिष्ठ नाट्यकर्मी विजय विस्फोटलगायतका कलाकार, संगीतकर्मी तथा नाट्यकर्मीहरूको उपस्थिति थियो । नेपाल प्रज्ञा प्रतिष्ठानको सहकार्यमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सो कार्यक्रम आयोजना गरेको हो ।






# आठौं प्राज्ञ सभा सम्पन्न

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव दिनेशप्रसाद थपलियाले गीत, संगीत, तथा नाट्य विधा सामाजिक परिवर्तन, जनचेतना र विकासका बलिया माध्यम हुने विचार व्यक्त गर्नुभयो ।

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आठौं प्राज्ञ सभा बैठक प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' को अध्यक्षतामा सम्पन्न भएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव दिनेशप्रसाद थपलियाको प्रमुख आतिथ्यमा प्राज्ञ प्रतिष्ठानको भाटभटेनी, बालुवाटारस्थित केन्द्रीय कार्यालयमा गत २४ असोजमा आठौं प्रज्ञा सभा सम्पन्न भएको हो ।

सभालाई सम्बोधन गर्दै सचिव थपलियाले स्रष्टाहरूको सिर्जना संरक्षणका लागि प्रतिलिपि अधिकारलाई अझ सशक्त बनाउनुपर्ने भनाइ राख्नुभयो । नेपालको सांस्कृतिक विकासका लागि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहने उहाँले बताउनुभयो । थपलियाले गीत, संगीत, तथा नाट्य विधा सामाजिक परिवर्तन, जनचेतना र विकासका बलिया माध्यम हुने विचार व्यक्त गर्नुभयो । यसले राष्ट्रको सम्पन्नतालाई झल्काउने भएकाले संगीत तथा नाट्य विधाको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विकास गर्नु अत्यावश्यक रहेको उहाँको भनाइ थियो । नेपाली संगीत तथा नाट्यको अवस्थाबारे पनि उहाँले चर्चा गर्नुभयो ।

आठौं प्राज्ञ सभाको उद्घाटन समारोहमा प्रतिष्ठानका उपकुलपति शम्भुजित बासकोटाले सभामा सहभागी सबै अतिथिलाई प्रतिष्ठानका तर्फबाट स्वागत गर्नुभएको थियो । प्रतिष्ठानले नेपालको संगीत तथा नाट्य विधाको विकासका लागि उद्देश्यअनुरूपका कार्य गर्दै आइरहेको उहाँले बताउनुभयो । स्वागत मन्तव्यकै क्रममा उपकुलपति बासकोटाले प्रतिष्ठानद्वारा आयोजना गरिएका डबली यात्रा र सांस्कृतिक मेलाका विभिन्न शृंखलाले नेपालको पौराणिक, लोपोन्मुख, लोक



संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेका बताउनुभयो ।

उहाँले प्रतिष्ठानले यस बीचमा विभिन्न अध्ययन र अनुसन्धान गरेको तथा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सम्बन्ध विस्तारका लागि सार्कस्तरीय गतिविधि गरेको जानकारी गराउनुभयो । नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार स्थापना गरी वितरण गर्ने कार्यले प्रज्ञा प्रतिष्ठानलाई एउटा महत्वपूर्ण उचाइमा पुऱ्याएको पनि उहाँले बताउनुभयो । उपकुलपति बासकोटाले प्रतिष्ठानद्वारा राष्ट्रिय नाटक महोत्सवको थालनी र देशको विषम परिस्थितिमा भूकम्पसम्बन्धी जनचेतना अभियान कार्यक्रम महत्वपूर्ण रहेको बताउनुभयो ।

सभामा सदस्य सचिव गणेश रसिकले नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले गत वर्ष गरेका विभिन्न कार्यक्रमको प्रगति प्रतिवेदन र आगामी बजेट तथा कार्यक्रम पेस गर्नुभयो । प्रगति प्रतिवेदन तथा वार्षिक कार्यक्रम सभामा छलफल गरी स्वीकृत प्रदान गरिएको थियो ।

प्रतिष्ठानका कुलपति सरूभक्तले प्राज्ञ सभा सदस्यहरूको छलफलपछि प्राज्ञ सभाको बैठकलाई धन्यवादज्ञापन गर्दै आफ्ना धारणा राख्नुभयो । उहाँले नेपालको संगीत तथा नाट्य वाङ्मयको सर्वत्तोमुखी विकासको उद्देश्यले प्रतिष्ठान स्थापना भएको स्मरण गराउनुभयो ।

कुलपति सरूभक्तले मन्तव्यका क्रममा राष्ट्रको संगीत तथा नाट्य वाङ्मयको सर्वोच्च प्रतिनिधि संस्था




भएर पनि यस प्रतिष्ठानको भौतिक संरचना नहुनु दुःखद् कुरा भएको बताउनुभयो । 'नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको दोस्रो कार्यकालका लागि गत आर्थिक वर्षमा नियुक्त हुँदा सीमित संशाधनसँगै धेरै चुनौती भए पनि हामीले यस चुनौतीलाई स्वीकार गरी अघि बढ्यौं र सफलता हासिल पनि गरेका छौं । आर्थिक वर्ष २०७१/७२ मा परम्परागत रूपमा गर्दिँदै आएका कार्यहरूलाई गुणात्मक पार्दै नयाँ र मौलिक कार्यक्रमलाई समेत समावेश गरेर राष्ट्रव्यापी रूपले हामीले सञ्चालन गऱ्यौं र गर्दै आएका छौं,' उहाँले भन्नुभयो ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आठौं प्राज्ञ सभाको अवसरमा सम्पूर्ण प्राज्ञ एवं यस क्षेत्रमा समर्पित महानुभावप्रति हार्दिक शुभेच्छासहित कुलपति सरूभक्तले सबैप्रति धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सभामा प्राज्ञिक परिषद् सदस्यहरू उदय श्रेष्ठ, उन्नति बोहरा 'शीला', पवित्रा घर्तीमगर, माधव प्रधान, पुष्करबहादुर गुरूङ र रमेशरञ्जन झा सहभागी हुनुहुन्थ्यो । यस्तै, प्राज्ञ सभासद्हरू अशोक राई, आशाकाजी श्रेष्ठ, कृष्णभक्त महर्जन, कृष्णसुधा ढुंगाना, खेम नेपाली, दुर्गा रायमाझी, नरेन्द्रराज रेग्मी, नारायणीदेवी प्रधान, पूर्ण नेपाली, प्रकाश घिमिरे, बृजकिशोर सहनी, भोजराज भट्ट, राम धामी, सानु पहाडी सहभागी हुनुहुन्थ्यो ।







**सम्मेलनलाई सम्बोधन गर्दै कुलपति सरुभक्तले अनेसासले स्थापनाकालदेखि डायस्पोरामा नेपाली साहित्यको विकास र विस्तारका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।**

# कुलपतिद्वारा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन उद्घाटन

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' ले अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनको उद्घाटन गर्नुभएको छ ।

बेल्जियमको ब्रसेल्स निकटको पर्यटकीय सुन्दर सहर लुमेनस्थित अम्सहसमा गत १६ अगस्टमा कुलपति सरूभक्तले दीप प्रज्वलन गरी साहित्य सम्मेलन उद्घाटन गर्नुभएको हो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) द्वारा आयोजित कार्यक्रमको उद्घाटनका लागि कुलपति सरूभक्तको नेतृत्वमा सात सदस्यीय टोली १४ अगस्टमा काठमाडौंबाट बेल्जियम प्रस्थान गरेको थियो । टोलीमा उहाँसहित सहित्यकारहरू प्रा. डा. खगेन्द्र लुइँटेल, मधुपर्क मासिकका प्रधान सम्पादक श्रीओम श्रेष्ठ 'रोदन', रमेश अधिकारी, इन्द्रकुमार विकल्प, एलबी क्षत्री, शेखर अधिकारी सहभागी थिए ।

१४ र १५ अगस्ट गरी दुई दिवसीय सम्मेलनको उद्घाटनका क्रममा कुलपति सरूभक्तले मुक्तककार सौरभ कारञ्जितद्वारा रचित मुक्तक संग्रह 'छरिएका सौरभ', बिमल गिरीको मुक्तक संग्रह 'स्पन्दका छालहरू' र दीपेन्द्र केसीको खण्डकाव्य 'अनुभूतिका अक्षरहरू'को विमोचन पनि गर्नुभयो । सम्मेलनलाई सम्बोधन गर्दै कुलपति सरूभक्तले अनेसासले स्थापनाकालदेखि डायस्पोरामा नेपाली साहित्यको विकास र विस्तारका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो । सांस्कृतिक रूपले नेपाली राष्ट्रियतालाई बलियो बनाउने क्रममा अनेसासले योगदान दिँदै आएको धारणा पनि उहाँले राख्नुभयो । युरोपस्तरीय अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनले सांस्कृतिक राष्ट्रियताको सन्देश बोकेको उहाँले

बताउनुभयो ।

सम्मेलनको सो उद्घाटन सत्रमा अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदीले संस्थाको विगत र वर्तमान अवस्थाबारे प्रकाश पार्नुभयो ।

डायस्पोरामा नेपाली साहित्यको विकासमा अनेसासको योगदानबारे प्रा.डा. खगेन्द्र लुइँटेलले आफ्ना भनाइ राख्नुभयो । यस्तै, साहित्यकार श्रीओम श्रेष्ठ', एलबी क्षत्रीले पनि डायस्पोरा नेपाली साहित्यबारे बोल्नुभएको थियो ।

सम्मेलनको दोस्रो दिन लुमेनस्थित हिमालयन रेस्टुरेन्टमा डायस्पोरा नेपाली साहित्यबारे विभिन्न विभिन्न साहित्यकारले कार्यपत्र प्रस्तुत गरेका थिए । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्त प्रमुख अतिथि रहनुभएको सो कार्यक्रममा बेल्जियमलगायत युरोपका विभिन्न राष्ट्रबाट सहभागी साहित्यकारहरूले डायस्पोरामा नेपाली साहित्यबारे कार्यपत्रसहित





# कोलोसो पार्कमा कथा दिवस

काठमाडौं । गत १७ अगस्टमा बेल्जियममा कथा दिवस मनाइएको छ । बेल्जियममा सम्पन्न अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनको अवसर पारेर सो दिवस मनाइएको हो ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' को प्रमुख आतिथ्यमा बेल्जियमको लुमेनस्थित कोलोसो पार्कमा अन्तर्राष्ट्रिय कथा दिवसको अवसरमा नेपाली स्रष्टाहरूले कथा दिवस मनाएका हुन् ।

कार्यक्रममा सरूभक्तले आजका कथा र लघुकथाबारे चर्चा गर्दै त्यसमा अन्तरर्निहित नाटकीय चेतना र प्रबृतिले आकर्षक र हृदयस्पर्शी बनाउने गरेको बताउनुभयो । कथाको वर्तमान शैलीले विधागत विविधतामा एकता स्थापित गरेको भनाइ कुलपतिले सो कार्यक्रममा राख्नुभयो ।

कार्यक्रमको सभापतित्व गर्नुभएका लघुकथा समाजका अध्यक्ष एवं मधुमर्क मासिकका प्रधान सम्पादक श्रीओम श्रेष्ठ 'रोदन'ले नेपाली कथा तथा लघुकथाको अवस्थाबारे चर्चा गर्नुभएको थियो । युरोपमा बस्दै आएका तथा नेपालबाट सम्मेलनमा सहभागी हुन गएका नेपाली कथाकारहरूले सो कार्यक्रममा आफ्ना कथा बाचन गर्नुभएको थियो ।

आफ्ना धारणा राखेका हुन् । सो क्रममा डायस्पोरामा नेपाली साहित्यको इतिहास, चुनौती र भविष्यबारे बहस भएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय अध्यक्ष पदम विश्वकर्माले अनेसासले डायस्पोरामा नेपाली साहित्यको विकासका लागि निरन्तर योगदान दिँदै आएको बताउनुभयो ।

सम्मेलनको समापनपछि अनेसास बेल्जियमका तर्फबाट नेपालदेखि कार्यक्रममा सहभागी हुनुभएका साहित्यकारहरूलाई त्यहाँका विभिन्न ऐतिहासिक तथा रमणीय क्षेत्रको भ्रमण गराइएको थियो । सो क्रममाकुलपति सरूभक्तसहित नेपाली टोलीलाई बेल्जियमको ब्रसेल्स, बुर्ज, ओस्टन्डे, आन्टाट्रपेनलगायत जर्मनीको फ्रयाङ्कफर्ट, फ्रान्सको पेरिस, नेदरल्यान्डको एम्स्टर्ड्याम, लग्जम्बर्गको लग्जम्बर्ग सिटी र ऐतिहासिक सेनजेनको सांस्कृतिक भ्रमण गराइएको थियो । यस्ता भ्रमणले युरोपको ऐतिहासिक एवं सांस्कृतिक गरिमा र विकास प्रक्रियालाई बुझ्ने अवसर आफूहरूलाई प्राप्त भएको धारणा कुलपति सरूभक्तले राख्नुभयो ।







# ११ औं 'नासिया/आन्मा ज्वाइन कन्भेन्सन'मा उपकुलपति बासकोटा

काठमाडौं । नेप्लिज एसोसिएसन इन साउथिस्ट अमेरिका (नासिया) र एसोसिएसन अफ नेप्लिज इन मिड वेस्ट अमेरिका (अन्मा) को संयुक्त ११औं वार्षिक सम्मेलन अमेरिकाको नर्थ क्यारालोनामा सम्पन्न भएको छ ।

गत ४ देखि ६ सेप्टेम्बरसम्म नर्थ क्यारालोनामा सम्पन्न ती दुई संस्थाद्वारा आयोजित 'नासिया/अन्मा ज्वाइन कन्भेन्सन( २०१५' मा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजित बासकोटा विशेष अतिथिका रूपमा सहभागी हुनुभयो । आयोजक पक्षको निमन्त्रणामा उपकुलपति बासकोटा सम्मेलनमा सहभागी हुनुभएको हो ।

सम्मेलनको उद्घाटन ४ सेप्टेम्बरमा थियो । कार्यक्रमको उद्घाटन अमेरिकाका लागि नेपाली राजदूत अर्जुनबहादुर कार्की गर्नुभएको थियो । सम्मेलनमा अमेरिकाको विभिन्न स्थनमा छरिएका रहेका नेपाली साहित्यकार, कलाकार तथा विभिन्न पेसामा संलग्न नेपालीहरूको राम्रो उपस्थिति थियो ।

नेपाली संगीत क्षेत्रमा चार दशकभन्दा लामो समयदेखि निरन्तर योगदान दिनुभएको भन्दै उपकुलपति बासकोटालाई सम्मेलनमा आयोजकका तर्फबाट राजदूत कार्कीले सम्मान प्रदान गर्नुभएको थियो । सम्मान ग्रहणपछि उपकुलपति बासकोटाले कार्यक्रममा आफ्नो भनाइ राख्दै हामी नेपालीहरू संसारको जुनसुकै कुनामा रहे पनि आफ्नो राष्ट्र, राष्ट्रियता र कला(संस्कृतिप्रति समर्पित रहने गर्छौं भन्नुभयो ।



साथै नेपाल संगीत नाट्य प्रज्ञा प्रतिष्ठानले नेपाली वाङ्मयका संगीत, नाट्य, नृत्यजस्ता विविध पौराणिक संस्कृतिलाई अन्तर्राष्ट्रिय क्षेत्रमा वसेका नेपाली मात्र नभएर त्यहाँका वासिन्दाले पनि महिमा बुझुन भन्नाका लागि यस प्रतिष्ठानले पर्याप्त कोशिस गर्ने बताउनु भयो ।

सम्मेलनको दोस्रो दिन ५ सेप्टेम्बरमा विशेष सांगीतिक कार्यक्रम आयोजना गरिएको थियो । सांगीतिक कार्यक्रममा उपकुलपति बासकोटा मुख्य अतिथि हुनुहुन्थ्यो । सम्मेलमा सहभागी हुन अमेरिका पुगेका नेपाली कलाकारहरू रामकृष्ण ढकाल, सत्यराज आचार्य, स्वरूपराज आचार्य र आस्था राउतले आफ्ना चर्चित गीतहरू प्रस्तुत गरेका थिए । कार्यक्रममा आफ्ना केही चर्चित गीत प्रस्तुत गर्न विशेष आग्रह आएपछि उपकुलपति बासकोटाले आधा घन्टासम्म आफ्ना चर्चित

गीतहरू प्रस्तुत गर्नुभयो । उहाँले कार्यक्रममा माया नै माया छ..., चट्ट रूपमा क्या मालुम..., हिउँभन्दा चिसो..., आच्छा लेकिन...जस्ता विभिन्न चर्चित गीतगाउनुभएको थियो ।

सो ११औं वार्षिक नासिया/अन्मा ज्वाइन्ट कन्भेसन ६ सेप्टेम्बरमा समापन भएको थियो ।सम्मेलनको समापन समारोहमा नेपाली राजदूत कार्की र यस प्रतिष्ठानका उपकुलपतिबासकोटाले आतिथ्यता ग्रहण गर्नुभएको थियो । बासकोटाले समापन समारोहमा सम्मेलन सफल पार्न सहयोग गर्ने विभिन्न व्यक्तिलाई आयोजकका तर्फबाट कदरपत्र प्रदान गर्नुभएको थियो ।

## एनआरएन अमेरिका अधिवेशनमा आतिथ्य

अमेरिकामा रहेका नेपालीहरूको संस्था गैरआवासीय नेपाली संघ अमेरिकाको न्युयोर्कमा गत सेप्टेम्बरको दोस्रो साता सम्पन्न अधिवेशनमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति बासकोटा विशेष अतिथिका रूपमा सहभागी हुनुभयो ।

गैरआवासीय नेपाली संघका केन्द्रीय अध्यक्ष शेष घलेको अध्यक्षतामा सम्पन्न सो अधिवेशनलाई सम्बोधन गर्दै उपकुलपति बासकोटाले नेपालको विकासमा एनआरएनका तर्फबाट पुऱ्याइएको योगदानको चर्चा गर्नुभयो । नेपालीहरू जहाँ रहे पनि उनीहरूको मन मस्तिष्कमा सधैं नेपालको माया रहने धारणा उहाँले राख्नुभयो ।

## रिजुर्टमा उपकुलपतिद्वारा गीत प्रस्तुत

सेप्टेम्बरको दोस्रो साता अमेरिकाको न्युयोर्कस्थित रिजुर्टमा 'सत्यराज( स्वरूपराज आचार्य साँझ(२०१५' आयोजना गरिएको थियो । सो साँझमा प्रतिष्ठानका उपकुलपति बासकोटा विशेष अतिथिका रूपमा उपस्थिति हुनुभएको थियो । साँझमा सत्यराज आचार्य र स्वरूपराज आचार्यले आफ्ना डेढ दर्जनभन्दा बढी चर्चित गीत प्रस्तुत गरे । कार्यक्रम आयोजकका तर्फबाट विशेष आग्रह गरिएपछि उपकुलपति बासकोटाले पनि आफ्ना केही चर्चित गीत र केही राष्ट्रिय गीतहरू प्रस्तुत गर्नुभयो ।

सो कार्यक्रमको आयोजना रिजुर्टवासी एनआरएन अमेरिकाका सदस्य एवं कार्यक्रममा सभापति मोहन ज्ञवालीले सो साँझ बारे प्रकाश पार्नुभयो ।

## नेपाली दूतावासमा रात्रीभोज

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले वासिंगटन डिसीमा अवस्थित नेपाल दूतावासमा रात्रीभोज आयोजना गऱ्यो । अमेरिकाका लागि नेपाली राजदूत अर्जुनबहादुर कार्कीले प्रतिष्ठानका उपकुलपतिको उपस्थितिमा प्रतिष्ठानका तर्फबाट त्यहाँ रहेका नेपालीका लागि विशेष रात्रीभोज आयोजना गर्नुभएको थियो ।

रात्री भोजमा कलाकार, संगीतकर्मी, साहित्यकार तथा अमेरिकामा रहेका नेपालसँग सम्बन्धित विभिन्न संघ/संस्थाका व्यक्तिहरू सहभागी हुनुभएको थियो । नेपाली गीत संगीत, नृत्य कला संस्कृतिलाई कसरी अमेरिकामा विस्तार र विकास गर्ने भन्नेबारे राजदूत कार्कीले कार्यक्रममा चर्चा गर्नुभयो ।

आयोजकका तर्फबाट प्रतिष्ठानका उपकुलपति बासकोटाले अमेरिकाका विभिन्न स्थानमा नेपाली कला संस्कृति आदान(प्रदानका लागि प्रतिष्ठान सहकार्य गर्ने योजना सो रात्रीभोजना राख्नु भयो । त्यहाँ नेपाली संघ सँस्थाहरूले प्रतिष्ठानसँग मिलेर सन २०१६मा विविध साँस्कृति कार्यक्रम गर्ने भनाई उक्त संस्थाका तर्फबाट वरिष्ठ साहित्यकार हेमन्त श्रेष्ठले राख्नु भएको थियो ।

## नेपाल हाउसमा उपकुलपतिको स्वागत

अमेरिका यात्राको क्रममा प्रतिष्ठानका उपकुलपति बासकोटालाई अमेरिकाको बाल्टिमोरस्थित आफ्नो नेपाल हाउसमा बाल्टिमोरका लागि अवैतानिक वाणिज्य दूत एवं गायक प्रेमराजा महतले स्वागत गर्नुभयो । स्वागत कार्यक्रममा बाल्टिमोरलगायत विभिन्न स्थानका कलाकार एवं नेपालीको उपस्थिति थियो ।

कार्यक्रममा उपकुलपति बासकोटाले अमेरिकामा नेपाली गीतसंगीत एवं नाटकको विस्तार र सांस्कृतिक आदान(प्रदानका लागि प्रतिष्ठान सहकार्य गर्न हमेसा तयार रहेको बताउनुभयो ।उहाँको सो प्रस्तावको स्वागत गर्दै वाणिज्य दूत महतले आगामी दिनमा आफूहरूले प्रतिष्ठानसँग सहकार्य गर्दै अमेरिकामा नेपाली कला संस्कृति झल्काउने कार्यक्रम आयोजना गर्ने भनाइ राख्नुभयो ।





# ठिमीको डबलीमा पोखिए भक्तपुरको पौराणिक कला






काठमाडौं । भक्तपुरको ठिमीस्थित बालकुमारी डबलीमा २० कात्तिकमा विभिन्न पौराणित नृत्य एवं नाच हेर्ने अवसर स्थानीयले पाए । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको 'डबली यात्रा-२०७२' अन्तर्गत बालकुमारीको डबलीमा थरीथरीका कला संस्कृति प्रस्तुत गरिएको हो ।

प्रतिष्ठानका उपकुलपति शम्भुजित बासकोटाले कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्नुहुँदै २७ वर्षअघि आफूले सोही डबलीमा 'प्रतिभाको डबली' प्रस्तुत गरेको स्मरण गराउनुभयो । उहाँले भक्तपुरको सम्पूर्ण पौराणिक, मौलिक, लोकनृत्य, गीतसंगीत एवं वाद्यवादनलाई एकै थलोमा प्रस्तुत गरेर यस्ता कलाको संरक्षणका लागि सो स्थानमा २७ वर्षपछि डबली यात्रा आयोजना गरिएको हो जानकारी दिनुभयो ।

बालकुमारी मन्दिरको सो डबलीमा बालकुमारी भजन खलःका तर्फबाट कलाकारहरू अमृत श्रेष्ठ, कृष्णहरि श्रेष्ठ, पुष्कर श्रेष्ठलगायतबाट प्रस्तुत हे कुमारी...भजनसँगै डबलीतर्फको कार्यक्रम सुरू भएको थियो । त्यसपछि प्रौढ कलाकार हेराबज्र बजाचार्यले प्रस्तुत गर्नुभएको विभिन्न मुद्राको पञ्चबुद्ध नृत्य पनि रमाइलो थियो । नृत्यतर्फ भष्मासुर नाच सर्वाधिक आकर्षक बनेको थियो । पौराणिक कथाअनुसार भष्मासुर राक्षसले शिवको शिरमा हात राखेर शिवलाई भस्म पारी पार्वतीलाई आफ्नो

बनाउन लाग्दा विष्णुले मोहिनीको रूपधारण गरी नृत्य गर्छिन् । ठिमी कला परिषद्द्वारा प्रस्तुत सो भष्मासुर नृत्य निकै सुन्दर र मौलिक थियो ।

यस्तै, मल्लकालदेखि चल्दै आएको इन्द्र–अप्सरा नाचलाई ज्ञानलाल कायस्थको निर्देशनमा डबली यात्रामा बालकुमारी लोकश्वर दाफा भजन खलःले प्रस्तुत गरेको थियो । इन्द्र खुसी भएर अप्सराहरूसँग गरेको भावको सो नृत्य पनि त्यस्तै रोचक थियो ।

शंखधर मेमोरियल स्कुलका एरिका निरौला, पुष्पा भण्डारी, दिपशिखा भण्डारी, प्रशंसा श्रेष्ठलगायतका विद्यार्थीले डबलीमा नेवारी नृत्य प्रस्तुत गरेका थिए । अझ स्थानीय नवरत्न इंग्लिस स्कुलका तर्फबाट प्रस्तुत गरिएको ज्यापु नृत्य झनै रोचक थियो । सो विद्यालयका विद्यार्थीहरूद्वारा धिमेको तालमा औजार बोकेर सम्पूर्ण खेती कार्य नृत्यबाट प्रस्तुत गरिएको थियो ।

यस्तै, ग्लायड स्टोन एकेडेमीका पाँचजना छात्राहरूले प्रस्तुत गरेको चार्य नृत्यअन्तर्गतको आर्यतारा नाच पनि मौलिक नाच थियो । सो स्कुलका तर्फबाट शुभेच्छा थापामगर, सुमिना बज्राचार्य, प्रकृति श्रेष्ठ, मनिषा राजवाहकलगायतले नृत्य प्रस्तुत गरेका थिए ।

यस्तै, डबली यात्रामा स्थानीय भजन टोलीले विभिन्न नेवारी भजन प्रस्तुत गरेका थिए । हरसुन्दर लाखे श्रेष्ठद्वारा गाइएको भजन पनि आकर्षक थियो । गायक माइलाकाजी श्रेष्ठले ढेवा झैगु...र बालकलाकार आश्रय रञ्जितले जहाँ छन् बुद्धका आँखा...बोलको राष्ट्रिय गीत गाएका थिए ।

कार्यक्रमको सुरूमा आयोजक पक्षलाई स्वागत गरेको लायकु धिमे खलःका श्यामभक्त श्रेष्ठको निर्देशनमा अशेष श्रेष्ठ, मनिष श्रेष्ठ, श्रीकृष्ण श्रेष्ठ, अमर श्रेष्ठ,










सगुन श्रेष्ठलगायतले पुनः डबलीमा विभिन्न तालमा धिमेबाजा बजाएर मनोरञ्जन प्रदान गरे ।

लोकबाजा तथा लोकनृत्यका गुरू अग्रज कलाकार एवं ठिमी कला परिषद्का संस्थापक अध्यक्ष गोपाल प्रजापतिलाई नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट कुलपति सरूभक्तले सम्मान गर्नुभयो । प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा सम्पन्न सो डबली यात्रामा ठिमीका विभिन्न पौराणिक र लोकनृत्य, वाद्यवादन, गीत प्रस्तुतिले कार्यक्रमको उद्देश्य सफल भएको कुलपति सरूभक्तले बताउनुभयो ।

कार्यक्रममा सहभागीलाई प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्यहरू उन्नति बोहरा 'शिला', उदय श्रेष्ठ, रमेशरञ्जन झा, पुष्करबहादुर गुरूङले नाट्यश्वरीको मूर्तियुक्त सम्मान प्रदान गरेका थिए । स्थानीय संयोजक रोशन बज्राचार्यले डबली कार्यक्रम सञ्चालन गर्नुभएको थियो । उहाँलाई यात्रा सम्पन्न गर्न नारायण श्रेष्ठलगायत विभिन्न स्थानीय व्यक्तिले सघाएका थिए । कार्यक्रममा हजारौं स्थानीय बासिन्दाको उपस्थिति थियो । डबली यात्रा कार्यक्रमका संयोजक प्राज्ञ परिषद् सदस्य माधव प्रधानले अन्त्यमा धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।







# व्यवसायिक पथमा निजी

# gf6s3/

काठमाडौं। निजी रूपमा खुलेका आधा दर्जन नाटकघर काठमाडौंमा छन्। ती नाटक घरमा दिनहुँजसो नाटक मञ्चन हुने गरेका छन्। कुनै हप्ता त सबै नाटक घरमा नाटक मञ्चन भएको देखिन्छ। ती नाटकघरमा दर्शकहरूको उपस्थिति पनि राम्रो पाइन्छ। तसर्थ, काठमाडौंमा निजीस्तरबाट खुलेका नाटकघरहरू व्यावसायिक पथमा लागेको देखिन्छ।

यसरी व्यावसायिक लक्ष्य लिएर काठमाडौं तथा मोफसलमा पछिल्लो समय नाटक घर खुल्नुको श्रेय आरोहण गुरूकुललाई जान्छ। काठमाडौंमा निजीस्तरबाट नाटकघर बनाएर त्यसमा नियमित नाटक मञ्चन गरिए यो व्यावसायिक बन्न सक्छ भन्ने अवधारणा पछिल्लो समय आरोहण गुरुकुलले ल्याएको देखिन्छ।

काठमाडौंको पुरानो बानेश्वरबाट मैतिदेवीतर्फ आउने क्रममा पुरानो बानेश्वर हाइटमा एक समय गलैंचा कारखाना थियो। त्यहाँको गलैंचा कारखाना विस्थापित भएपछि सोही कारखानालाई केही पुनः निर्माण कार्य गरेर आरोहण गुरूकुलका अध्यक्ष एवं कलाकार सुनिल पोखरेलले 'बालकृष्ण सम नाटकघर' बनाएका थिए। २०५९/०६० मा स्थापना भएको सो नाटकघरमा निर्देशक पोखरेलले नाटक मञ्चन सुरू गरे।

त्यतिबेला, डल्स हाउस, आरूका फूलका सपनालगायतका नाटकहरू नियमित मञ्चन गरेपछि दर्शकहरू नियमित रूपमा नाटक हेर्न जान थाले। जसका कारण आरोहण गुरूकुलले व्यावसायिक नाटक मञ्चन तथा नाटकघर सञ्चालनलाई निरन्तरता दियो। सोही स्थानमा आरोहण गुरूकुलले रिमाल नाटक घर पनि स्थापना गऱ्यो। ती दुवै नाटकघरमा व्यावसायिक रूपले नाटक मञ्चन भइरहेका बेला २०६७ सालतिर सम्बन्धित जग्गाधनीले सो स्थानमा नयाँ भवन बनाउने भएपछि दुवै नाटकघर आरोहणले भत्काउनुपऱ्यो।

त्यसो त विगत डेढ दशकभन्दा लामो समयदेखि राजधानीको डल्लुस्थित होटल बज्रमा रहेको स्टुडियो सेभेनले पनि व्यावसायिक नाटक मञ्चन नगरेको हैन। नाट्यकर्मी सविना लेहमनले हरेक वर्ष करिब एक साता त्यहाँ व्यावसायिक नाटक मञ्चन गर्दै आएकी छन्।

तथापि निजी नाटकघरमा व्यावसायिक रूपमा दैनिक नाटक मञ्चनलाई आरोहण गुरूकुलले अगाडि बढाएको हो। आरोहण गुरूकुलको पुरानो बानेश्वर हाइटमा रहेको दुवै नाटकघर भत्काइएपछि नयाँ नाटक घर खोल्ने अभियानमा आफू अहिले पनि जुटेको आरोहण गुरूकुलका अध्यक्ष सुनिल पोखरेलको कथन छ।

त्यसो त आधा दशकमा राजधानीमा अन्य पाँचओटा निजी नाटकघरहरू खुलिसकेका छन्। ती नाटकघरले नियमित नाटक मञ्चनलाई निरन्तरता दिँदै आएका छन्। जसका कारण निजी नाटकघरमा नियमित व्यावसायिक रूपमा नाटक मञ्चन हुँदै आएका छन्। अहिले काठमाडौंमा निजी रूपमा सञ्चलित व्यावसायिक नाटकघरमा कालिकास्थन अवस्थित सर्वनाम थिएटर, अनामनगरस्थित मण्डला थिएटर, लाजिम्पाटस्थित थिएटर भिलेज, पुरानो बानेश्वरस्थित गोठाले नाटकघर र सुन्धारा काठमाडौं मलस्थित थिएटर मल रहेका छन्।


नाटकलाई संस्थागत गर्ने उद्देश्यले २०३८ चैत १८ गते वैकल्पिक रंगमञ्चको रूपमा 'सर्वनाम' को विधिवत् रूपमा स्थापना भयो । स्थापना भएलगत्तै संस्थापक तथा निर्देशक अशेष मल्लद्वारा लिखित तथा निर्देशित नाटक 'इत्यादि प्रश्नहरू' प्रज्ञाभवनमा मञ्चन गरियो । यसअघि अशेष मल्लका थुप्रै नाटक मञ्चन भए पनी इत्यादि प्रश्नहरू नाटकको एउटा ऐतिहासिक महत्व छ ।

सर्वनामको स्थापनापछि परम्परागत शैलीलाई भत्काउने, हरेक नाटकमा प्रयोग गर्ने उद्देश्य बोकेर अघि बढेको सर्वनामबाट २० भदौ ०३९ मा त्रिभुवन विश्वविद्यालयको कोरोनेसन गार्डेनमा अशेष मल्लद्वारा लिखित तथा निर्देशित सडक नाटक 'हामी वसन्त खोजिरहेछौँ' मञ्चन गरियो । यसले सर्वनाम स्थापित भयो भने नेपालमा सडक नाटकको मञ्चन सुरू भएको निर्देशक मल्लको दाबी छ । यसपछि सर्वनामले सडक नाटकलाई निरन्तरता दिँदै आयो ।

नाट्य यात्रालाई निरन्तरता दिने क्रममा सर्वनामले आफ्नै लगानीमा निजी भवन निर्माण गरेर काठमाडौंको कालिकास्थानमा 'सर्वनाम थिएटर' स्थापना गर्‍यो । करिब आठ वर्ष लगाएर बनाएको आफ्नो भवनमा थिएटर स्थापना गरिएको सर्वनामका अध्यक्ष मल्लले बताउनुभयो । भवनभित्र नाटक मञ्चन हल, आर्ट ग्यालरी, लाइब्रेरी, अभ्यास हल, क्याफे आदि रहेको उहाँले जानकारी गराउनुभयो ।

निर्देशक अशेष मल्लले नै परिकल्पना र सृजना गर्नुभएको यस भवनको सर्वनाम थिएटर १८ चैत २०६८ मा विधिवत् रूपमा उद्घाटन भयो । सर्वनाम थिएटरमा त्यसपछिबाट नियमित नाटक मञ्चन हुँदै आएको मल्लले बताउनुभयो । यो नाटकघर स्थापनापछि सर्वनाम र बाहिरी थिएटरको गरेर तीन दर्जनभन्दा बढी नाटक मञ्चन भइसकेका छन् । सर्वनाम आफैंले सकुनी पासा, कुमारजी आज्ञा गर्नुहुन्छ, हारेका मान्छे, जिम्दा सपना, रक्तबिज, भिक्षम देही जस्ता थुप्रै चर्चित नाटक मञ्चन गरिसकेको छ । अध्यक्ष मल्लका अनुसार सर्वनाम थिएटरमा एक सय ८० सिट रहेको छ । जहाँ बिहीबारबाहेक हरेक दिन नाटक मञ्चन हुन्छ । नाटक हेर्न सर्वसाधारणलाई प्रतिनाटक दुई सय रूपैयाँ र विद्यार्थीका लागि छुटस्वरूप एक सय रूपैयाँ तोकिएको छ ।

त्यस्तै, नेपाली रंगमञ्चमा भित्रिन चाहने र सिक्न चाहनेहरूका लागि सर्वनामले नियमित रूपमा रंग प्रशिक्षण दिँदै आएको छ । अहिलेसम्म सर्वनामले आठौं ब्याचलाई प्रशिक्षण दिई उनीहरूलाई रंगमञ्चमा ल्याएको अध्यक्ष मल्लले बताउनुभयो । तिनै नवरंगकर्मीहरूलाई स्थान दिने उद्देश्यले आफूहरूले नेपाली रंगमञ्चको विकासका लागि १० मिनेटको नाटक मेला नियमित रूपमा गर्दै आएको उहाँले जानकारी गराउनुभयो । मल्लका अनुसार नाटकसँगै कविता वाचन, नाट्य कार्यशाला, चित्रकला प्रदर्शनी, चलचित्र प्रदर्शनी तथा विविध साहित्यिक कार्यक्रम नियमित रूपमा हुने गरेको छ ।





# सर्वनाम थिएटर



# मण्डला थिएटर



नेपाली नाटकको विस्तार र विकासका लागि स्थापना भएको नाट्य संस्था हो 'मण्डला नाट्य समूह नेपाल' । अभिनेता एवं नाट्यकर्मी दयाहाङ राईको अध्यक्षतामा २०६७ सालमा यो नाट्य समूहको स्थापना भएको थियो । नाट्य समूह स्थापना भएदेखि नै यसले नाटक मञ्चनलाई निरन्तरता दिँदै आएको छ ।

नाटक मञ्चन सजिलोसँग गर्न आफ्नो नाटकघर हुनु आवश्यक छ भन्ने महसुस यो समूहले गऱ्यो । सोहीअनुसार आफ्नै मेहनतले यो समूहले काठमाडौंको अनामनगरमा नाटकघर ' मण्डला थिएटर' स्थापना गऱ्यो । संस्थाका महासचिव एवं रंगकर्मी राजन खतिवडाका अनुसार ८ मंसिर २०६९ मा मण्डला थिएटरको विधिवत् उद्घाटन भएको हो । संस्कृतिविद् एवं नाटककार सत्यमोहन जोशीले उद्घाटन गर्नुभएको मण्डला थिएटरमा उद्घाटनका क्रममा जोशीकै नाटक 'सुनकेशरी' मञ्चन गरिएको थियो ।

मण्डला थिएटरको सञ्चालकमा अध्यक्ष दयाहाङ राई, उपाध्यक्ष सिर्जना सुब्बा, महासचिव राजन खतिवडा, कोषाध्यक्ष विजय बराल र आठ सदस्य गरेर १२ जनाको सञ्चालक समिति रहेको छ । आफूहरूको सामूहिक लगानीबाट यो नाटकघर तयार गरिएको महासचिव खतिवडाले जानकारी गराउनुभयो ।

आफ्नै नाटकघर स्थापना भएपछि मण्डला नाट्य समूहले नाटक मञ्चनलाई निरन्तरता दिँदै आएको छ । हालसम्म यस नाटकघरमा करिब तीन दर्जन नाटक मञ्चन भइसकेको उहाँले जानकारी गराउनुभयो । नेपालमा नाटकको विकास, विस्तार, नाटकमा विभिन्न प्रयोग र नाटकलाई व्यावसायिकता दिन आफूहरूले यो नाटक समूह र नाटकघर स्थापना गरेको उहाँको कथन छ ।

एक सय ३० सिट क्षमता रहेको नाटकघरमा नाटक हेर्न प्रतिसोको टिकट दर तीन सय रूपैयाँ र दुई सय रूपैयाँ राखिएको छ । कुल सिटको ३५ प्रतिशत सिट विद्यार्थीका लागि आरक्षणको रूपमा छुट्याइएको छ । विद्यार्थीले परिचयपत्र देखाएको खण्डमा टिकटमा आधा छुट दिइने पनि उहाँले बताउनुभयो ।

मण्डलाले हालसम्म सुनकेसरी, घुम्रिएको कपाल, माइला डटकम, चरणदास चोर, स्वप्नमहल, मितज्यु, हेत्छाकुप्पा, जम्पिङ फ्रग, जार, जिरो जिरो जेड, बेतर्नी क्याफे, सिरूमारानी, सर्जमिन जस्ता थुप्रै चर्चित नाटक मञ्चन गरिसकेको छ । मोबाइल थिएटर र सडक नाटकको रूपमा पनि आफूहरूले मण्डलाबाट नाटक मञ्चन गर्दै आएको रंगकर्मी खतिवडाले बताउनुभयो ।

नेपाली नाटकको अवस्था विस्तारै माथि उठ्दै गएको र नाटक मञ्चनबाट नाटकघर सञ्चालन गर्न सकिएको खतिवडाको भनाइ छ । उहाँका अनुसार सर्वनाम थिएटरले नयाँ रंगकर्मीलाई पनि यो क्षेत्रमा त्यत्तिकै मात्रामा ल्याएको छ ।

मण्डलाले हरेक वर्ष नाटक तथा अभिनय कला प्रशिक्षण दिएर विभिन्न समूहमा कलाकारलाई यो क्षेत्रमा ल्याइसकेको पनि उहाँले जानकारी गराउनुभयो ।





# गोठाले नाटक घर





युवा रंगकर्मी घिमिरे युवराजको अध्यक्षतामा ११ वैशाख २०६४ मा स्थापना भएको नाट्य समूह हो 'शिल्पी थिएटर' । राजतन्त्रविरूद्ध आबाज उठाउँदै मुलुकमा गणतन्त्र स्थापनाका लागि नयाँ नेपाल नाटक मञ्चन गर्दै शैली थिएटर स्थापना भएको थियो ।

त्यसपछि यो थिएटरले नाटक मञ्चनलाई निरन्तरता दिँदै मधेस तराई, एप्पल कार्ट, कथान्तर, अँध्यारोविरूद्धसहित विभिन्न नाटक मञ्चन गर्‍यो । शिल्पी थिएटरका अध्यक्ष घिमिरे युवराजका अनुसार व्यावसायिक नाटक मञ्चनका लागि आफ्नो नाटकघर हुन आवश्यक थियो । त्यसैले शिल्पीले काठमाडौंको बत्तीसपुतलीस्थित व्यावसायिक नाटकघर 'गोठाले नाटकघर' स्थापना गर्‍यो । १७ फागुन २०७० सालमा संस्कृतिविद् सत्यमोहन जोशी, प्रा.डा. अभि सुवेदी र रंगकर्मी सुनिल पोखरेलले गोठाले नाटकघरको उद्घाटन गर्नुभयो । उद्घाटनका क्रममा यो थिएटरमा कुमार नगरकोटीको नाटक 'कोमा ए पोलिटिकल सेक्स' मञ्चन गरिएको थियो ।

'नेपाली नाटकको विकास, विस्तारसहित यसलाई व्यावसायिक रूपमा अघि बढाउन हामीले गोठाले नाटकघर स्थापना गरेका हौं । यो नाटक घरमा दुई सय १० सिट संख्या रहेको छ,' शिल्पी थिएटरका अध्यक्ष युवराजले भन्नुभयो, ' हामीले नियमित रूपमा नाटक गर्दै आएका छौं । नाटकमा हामीले विभिन्न प्रयोग पनि गरिरहेका छौं ।' यहाँ नाटक हेर्न एक सोमा टिकट दर पाँच सय रूपैयाँ, तीन सय रूपैयाँ र विद्यार्थीलाई एक सय ५० रूपैयाँ राखिएको पनि उहाँले बताउनुभयो ।

यो नाटकघर स्थापनापछि शिल्पीबाट हारजित, सत्यमोहन जोशीको दुई नेवारी नाटक मजी पालेखा र ध्वँचोलेपा, फूलमान बलको नाटक म्हेन्दो माया, विक्रम सुब्बाको लाटो पहाड, ह्वाट टु डुलगायतका एक दर्जन नाटक मञ्चन गरिसकिएको छ । हाल नयाँ नाटक कार्तुसको अभ्यास भइरहेको र यो मंसिरबाट मञ्चन हुने अध्यक्ष युवराजले बताउनुभयो ।

शिल्पीमा अहिले पूर्णकालीन १२ जना नाट्यकर्मी कार्यरत छन् । यी व्यावसायिक नाट्यकर्मीमा कुमार आले, चन्द्र पाण्डे, गंगाप्रसाद तिवारी, जीवन बराल, सरिता शाह, पवित्रा खड्का, किरण चाम्लिङ राई, प्रवास अधिकारीलगायत छन् । यस्तै, केही स्वयंसेवी नाट्यकर्मी पनि शिल्पीमा कार्यरत छन् ।

नाटकसँगै कला, साहित्य, संगीत, सिनेमा जस्ता विविध पक्षका कार्यक्रममा सो नाटकघरमा हुने गरेको अध्यक्ष युवारजको भनाइ छ । नेपाली नाटकलाई व्यावसायिक रूपमा अघि बढाउन आफूहरू शिल्पी र यो नाटकघरमार्फत निरन्तर लागिपर्ने उहाँले बताउनुभयो ।



# थिएटर भिलेज

व्यावसायिक नाटक मञ्चनको उद्देश्यले स्थापना भएको हो नाट्य संस्था 'थिएटर भिलेज' । एक दशकभन्दा लामो समयदेखि रंगकर्ममा सक्रिय युवा नाट्यकर्मी विमल सुवेदीले आठ वर्षअघि थिएटर भिलेजको स्थापना गरेका हुन् । सुरूको चरणमा विभिन्न सडक नाटक गरेको यो नाट्य समूहले त्यसपछि व्यावसायिक नाटकलाई अंगालेको हो ।

नाटक गर्न अझ सजिलो होस् भनेर आफूहरूले नाटकघरको आवश्यकता महसुस गरेको नाट्य समूहका संस्थापक निर्देशक सुवेदीले बताउनुभयो । 'थिएटर भिलेज' काठमाडौंको लाजिम्पाटमा छ । यो नाटकघरको उद्‌घाटन २९ भदौ २०७० मा भएको थियो । नाटकघरको उद्‌घाटन नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तत्कालीन कुलपति अम्बर गुरूङ, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका तत्कालीन कुलपति किरण मानन्धर, नेपाल प्रज्ञा प्रतिष्ठानका तत्कालीन कुलपति बैरागी काइँला र एनएसडी दिल्लीकी निर्देशक अनुराधा कपुरले संयुक्त रूपमा गर्नुभएको थियो । उद्‌घाटनका क्रममा यो नाटकघरमा जगदीश घिमिरेको नाटक सावित्री मञ्चन गरिएको थियो ।

त्यसपछिबाट हालसम्म थिएटर भिलेजबाट मात्र आठओटा नाटक मञ्चन गरिसकेको संस्थापक निर्देशक सुवेदीले जानकारी गराउनुभयो । पूर्ण व्यावसायिक उद्देश्यले स्थापना गरिएको यो नाटकघरमा एक सय ५० ओटा सिट रहेको छ । नाटकको प्रतिसोको टिकटदर पाँच सय, तीन सय र दुई सय रूपैयाँ राखिएको र विद्यार्थी छुटको सहुलियत पनि छ ।

थिएटर भिलेजले हालसम्म आफ्नो नाटकघरमा मञ्चन गरेका नाटकहरूमा चारूमती, अ नाइट विथ माओ, सान्दाजुको महाभारत, यार्मा, द प्रिन्सेस अफ गार्डेन, सिंहदरबार टेन्डरलगायत रहेका छन् । उहाँका अनुसार यो नाटकघरमा स्थापनापछि हालसम्म दुई दर्जन नाटक मञ्चन भइसकेका छन् ।



नाटक मञ्चनका लागि १७ जना कलाकार, प्राविधिकको समूह यो नाटकघरमा रहेको पनि संस्थापक निर्देशक सुवेदीले बताउनुभयो । त्यहाँ भोलाराज सापकोटा, कमलमणि नेपाल, रोजिता बुद्धाचार्य, सुजन ओली, आलोक थामी, श्रवण राना, संगीत सापकोटा, राजेन्द्र श्रेष्ठलगायतका कलाकार रहेका छन् ।

यस्तै, नयाँ कलाकार रंगमञ्चमा ल्याउन थिएटर भिलेजले पनि हरेक वर्ष प्रशिक्षण कार्यक्रम गराउँदै आएको छ । हालसम्म सो थिएटरबाट तीनओटा समूह प्रशिक्षण सकेर नाट्यक्षेत्रमा आइसकेको पनि उहाँले जानकारी गराउनुभयो । मुलुकको वर्तमान परिस्थितिले नाटकको व्यापारमा निकै असर परेको र हाल घाटामा गए पनि आउँदा दिनमा थिएटर भिलेज व्यावसायिक रूपमा अघि बढ्ने आशा आफूले गरेको संस्थापक निर्देशक सुवेदीले बताउनुभयो ।






# थिएटर मल नाटकघर

रंगकर्मलाई पृथक् र स्वतन्त्र पेसाका रूपमा स्थापित गर्ने दौरानमा सुस्केरा कला समूह र थिएटर सेन्टर फर चिल्ड्रेन (टीसीसी नेपाल) ले पहिलोपटक व्यावसायिक भवनमा (काठमाडौं मल, सुन्धारा) नाटकघर 'थिएटर मल' निर्माण गरेको हो । काठमाडौंमा पाँचौं नाटकघरको रूपमा 'थिएटर मल' स्थापना गरिनु आफैंमा चुनौतीपूर्ण रहे पनि व्यावसायिक भवनमा नाटकघरको पनि सम्भावनाको खोजीस्वरूप 'थिएटर मल' को परिकल्पना गरिएको हो ।

नाटकघरलाई कला र संस्कृतिको घरको रूपमा स्थापित गर्ने उद्देश्यसाथ 'थिएटर मल : हाउस अफ आर्ट एन्ड कल्चर' को नाम दिएर कला, साहित्यका विविध विधा र पाटाहरूलाई प्रस्तुत गर्ने, तिनीहरूबारे छलफल र अन्तर्क्रिया गर्ने थलोको रूपमा स्थापित गर्न नाटकघर क्रियाशील छ । त्यसैगरी, बालबालिकाहरूका लागि रंगमञ्च स्थापना गर्दै त्यसको विकास तथा प्रवर्द्धन गर्नु अर्को मुख्य उद्देश्य रहेको अध्यक्ष केदार श्रेष्ठ बताउनुहुन्छ ।

२०७१ साउन ३० गते अग्रजहरू रंगकर्मीहरू संस्कृतिविद् सत्यमोहन जोशी, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तत्कालीन उपकुलपति प्रचण्ड मल्ल, अशेष मल्ल, हरिहर शर्मा, प्रा.डा.अभि सुवेदी र सुनिल पोखरेलले संयुक्त रूपमा थिएटर मलको औपचारिक उद्घाटन गर्नुभएको थियो । विभिन्न नाट्यसंस्था र नाटकघरबीचको सहकार्य र समन्वयलाई जोड दिँदै मण्डला थिएटरको नाटक 'सुनकेशरी' बाट 'थिएटर मल' को उद्घाटन गरिएको हो ।

कान्छा रंगकर्मीहरूबाट सञ्चालित थिएटर मल युवा रंगकर्मी केदार श्रेष्ठले नेतृत्व गर्नुभएको छ । जसमा युवा रंगकर्मीहरू सञ्जिता सञ्जी, आकाश मगर, इलिना नकर्मी, अभय बराल, विभु पौडेल, मञ्जु गिरी, सुशीला अधिकारी, रामशरण रेग्मी, रमेश भट्टराई र सुरेश कार्की सक्रिय हुनुहुन्छ । करिब एक सय ५० सिट क्षमताको यो नाटकघरले व्यावसायिक रूपमा नाटक मञ्चन गर्दै आएको अध्यक्ष श्रेष्ठले जानकारी गराउनुभयो ।

दोस्रो वर्षमा यात्रारत थिएटर मलले हालसम्म आठवटा नाटक मञ्चन गरिसकेको छ । थिएटर मलकै निर्माणमा नाटक 'बदरंग' र 'च्यातिएको पर्दा' गरी दुई नाटक मञ्चन भएको छ । त्यस्तै, थिएटर मलको सहकार्य र समन्वयमा शिल्पी कला समूहको नाटक 'एल्लो कमेडी', नमस्ते आर्टस्को 'कस्टडी', आइडिया एक्सलको 'सम्बोधी', थिएटर आकारको 'बिम्बाको सपना' र टिबिजे क्रियसनको 'छिद्र क्यानभास' मञ्चन भइसकेको अध्यक्ष श्रेष्ठले जानकारी गराउनुभयो ।

'यसैगरी बाल रंगमञ्च स्थापना गर्दै त्यसको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले बालरंगमञ्च केन्द्रित गतिविधि पनि सञ्चालन भइरहेको छ । यसअन्तर्गत बाल रंगमञ्चसम्बन्धी अन्तर्राष्ट्रिय छाता संगठन 'आसितेज इन्टरनेसनल'को नेपाल च्याप्टर (आसितेज नेपाल) को सदस्यता ग्रहण गरेको छ ।

नेपालमा पनि अन्तर्राष्ट्रिय बाल रंगमञ्च दिवस, मार्च २० मा अन्तर्राष्ट्रिय बाल रंगमञ्चसम्बन्धी संस्थाहरू र गतिविधिसँग सहकार्य र समन्वय सुरू गरिसकेको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । श्रेष्ठका अनुसार बाल रंगमञ्चको विकास र प्रवर्द्धनका लागि विभिन्न विद्यालयमा थिएटर मलले नियमित प्रशिक्षणका कक्षा तथा कार्यशाला सञ्चालन गरिरहेको छ ।

आउँदा वर्षमा अभिनय र नाटकको नियमित प्रशिक्षण/कार्यशाला नियमित सञ्चालन गर्ने कार्यतालिका बनाएको थिएटर मलले विद्यालयहरूमा चलाइरहेको नाटकका कक्षाहरूलाई अझ विस्तार गर्दै बाल रंगमञ्चका विविध आयाममा कार्य गर्ने अध्यक्ष श्रेष्ठको भनाइ छ । श्रेष्ठका अनुसार तिहारपछिबाट थिएटर मलमा 'कथा सारंगी गाउँको' र त्यसलगत्तै अर्को नाटक 'मान भर्सेस मती' मञ्चन हुँदैछ ।

भारतको नयाँ दिल्लीमा गत वर्ष २६ देखि २८ सेप्टेम्बरमा सम्पन्न 'सार्क कल्चर फेस्टिबल अन ट्रेडिसनल डान्स आफ साउथ एसिया अन द अकेजन अफ थर्ड कल्चर मिनिस्टर मिटिङ-२०१४' मा नेपालका तर्फबाट प्रतिनिधित्व गर्दै नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधान दिल्ली जानुभएको थियो। उहाँको नेतृत्वमा गएको कलाकार समूहलाई प्रतिष्ठानका सदस्य सचिव गणेश रसिक र प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा बिदाइ गर्नुभएको थियो। समूहमा नेपालका तर्फबाट कलाकारहरू अग्रज गायिका झानु राणा, विकासनाथ योगी, मिना मिश्र, केशवबहादुर सुनाम, विजय मानन्धर, खड्ग बुढा, माया थापा र गोरन चौधरी सहभागी हुनुभएको थियो । सो कार्यक्रमको फोटो फिचर यसप्रकारको छ :
















२०७२ साउन/कातिक

# प्राज्ञिक संसार

Academia
Music-Drama Bulletin

संगीत-नाट्य बुलेटिन

**प्रकाशक**
नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. - ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५,
फ्याक्स नं. : ४४२८४०७
Email : info@nsmuda.org.np
website : www.namuda.org.np

**प्रधानसम्पादक** :
गणेश रसिक
**कार्यकारी सम्पादक** :
डब्बु क्षत्री
**तस्बिर** :
नरेन्द्र खड्का
**साजसज्जा** :
विश्व सापकोटा
(विलक्षण क्रियसन)

**सल्लाहकार**
सरुभक्त
शम्भुजीत बासकोटा

**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नति बोहरा 'शीला'
पवित्रा घर्तीमगर
पुष्करबहादुर गुरूङ
माधव प्रधान
रमेशरञ्जन झा